नेपाल सरकार

भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाडौं

(स्थानीय तह समन्वय शाखा)

पत्र सं.: २०८२/०८३
चलानी नं ४५२

मितिः२०८३/०२/११
ने.सं. ११४६

श्री गाउँपालिका सबै,
श्री नगरपालिका सबै ।

विषयः ७३औं अन्तर्राष्ट्रिय सगरमाथा दिवस मनाउने सम्वन्धमा ।

प्रस्तुत विषयमा संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको प.सं.२०८२/८३, च.नं.१९१, मिति २०८३/०२/०५ को पत्रमार्फत विश्वको सर्वोच्च शिखर सगरमाथा प्रथम पटक आरोहण गरेको दिन मे २९ लाई अन्तर्राष्ट्रिय सगरमाथा दिवस मनाउँदै आएकोमा यस वर्षको अन्तर्राष्ट्रिय सगरमाथा दिवस २०८३/२/९ देखि २०८३/२/१५ सम्म एकल वा संयुक्त रुपमा विभिन्न कार्यक्रम आयोजना गरी सप्ताहव्यापी रुपमा मनाउन अनुरोध भई आएको हुँदा पत्रको छायाँप्रति यसैसाथ संलग्न गरी आवश्यक जानकारी तथा कार्यार्थ पठाएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

२०८३/२/११

प्रकाश पन्थी
शाखा अधिकृत

बोधार्थः
श्री संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय,
सिंहदरवार काठमाडौं।
श्री सूचना प्रविधि शाखाः वेवसाईटमा अपलोड गरिदिनुहुन।

सिंहदरबार, काठमाण्डौं फोन नं.- ४२००३०४
ईमेलः- cmmofald@gmail.com/ local.level.coordination@mofaga.gov.np
वेवसाईटः- www.mofaga.gov.np

नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
(पर्यटन प्रवर्द्धन शाखा)

फोन : ४२११५९६
फ्याक्स: ४२११७५८
इमेल:
promotion@tourism.gov.np
वेब साइट: www.tourism.gov.np

पत्र संख्या : ०८२/८३
चलानी नं: ९९१

सिंहदरवार, काठमाडौं।

मिति:२०८३/०२/५
नेपाल सम्वत्: ११४६

विषय: ७३औं अन्तर्राष्ट्रिय सगरमाथा दिवस मनाउने सम्बन्धमा ।

भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
दर्ता नं: ४९
मिति: २/६

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
संघीय मामिला महाशाखा,
(स्थानीय तह समन्वय शाखा), सिंहदरवार, काठमाडौं।

प्रस्तुत विषयमा विश्वको सर्वोच्च शिखर सगरमाथा प्रथमपटक आरोहण गरेको दिन मे २९ लाई अन्तर्राष्ट्रिय सगरमाथा दिवसको रुपमा विविध कार्यक्रम गरी प्रत्येक वर्ष मनाउने गरिएको विदितै छ। यस वर्ष पनि सन् २०२६ मे २९ (२०८३ जेठ १५ गते) का दिन ७३ औं अन्तर्राष्ट्रिय सगरमाथा दिवसलाई विविध कार्यक्रम आयोजना गरी भव्य रुपमा मनाउनको लागि यस मन्त्रालयका माननीय मन्त्रीज्यूको संयोजकत्वमा गठन भएको अन्तर्राष्ट्रिय सगरमाथा दिवस मूल समारोह समितिको मिति २०८३।२।१ गतेको वैठकबाट **संघ, प्रदेश र स्थानीय तहले अन्तर्राष्ट्रिय सगरमाथा दिवस सप्ताहव्यापी रुपमा (२०८३।२।९ देखि २०८३।२।१५ गते) एकल वा संयुक्त रुपमा विभिन्न कार्यक्रमहरु आयोजना गरी भव्यताका साथ मनाउन** अनुरोध गर्ने निर्णय भएकोले आवश्यक कार्यान्वयनका लागि सबै स्थानीय तहमा समन्वय/सहजीकरण गरिदिनुहुन निर्णयानुसार अनुरोध छ। साथै यस वर्षको अन्तर्राष्ट्रिय सगरमाथा दिवसको नारा- **“ विश्वको सर्वोच्च शिखर सगरमाथा: नेपालको पहिचान र गौरव” “Sagarmatha: Identity and Pride of Nepal”** रहेको छ।

(करुणा आचार्य)
शाखा अधिकृत